Tel./Fax : 4100175, 4100015
E-mail : nada@mail.com.np
Website : www.nada.org.np

नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल
NADA AUTOMOBILES ASSOCIATION OF NEPAL
1st Floor, Signature Apartment-II, Shahid Shukraraj Marg, Teku-12
P.O. Box 24408, Kathmandu, Nepal

SERVO WORLD-CLASS LUBRICANTS presents NADA Auto Show 2018

च.नं.:

# प्रेस विज्ञप्ती

विगत दुई दशक लामो यात्राको निरन्तरताको १३औं संस्करण नाडा अटो शो २०१८ यही भाद्र २६ गते देखि ३१ गते सम्म काठमाण्डौको भृकुटी मण्डप प्रदर्शनी कक्षमा भव्याताका साथ आयोजन हुँदै छ । नाडा अटोमोबाइल्स एशोसिएसन् अफ नेपाल एवं ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेजको संयुक्त आयोजनामा हुने नाडा अटो शो २०१८ को शिर्ष प्रायोजक (Title Sponsor) यस पटक फेरी सर्भो वर्ल्ड क्लास लुब्रिकेन्ट्स रहेको छ ।

सवारी साधन तथा अटो कम्पोनेन्ट्स सम्बन्धी सम्पूर्ण जानकारी एकै थलोमा उपलब्ध गराई, नेपाली अटोमोबाइल क्षेत्रमा भइरहेको आधुनिक एवं प्राविधिक विकासको प्रचार—प्रसार—प्रवर्द्धन गर्नु नाडा अटो शोको मुख्य उदेश्य रहेको छ । आम सर्व साधारणलाई सवारी साधनको महत्व र उपयोगिताबारे व्यापक जानकारी गराउने साथै सुरक्षित ड्राइविङ्ग, ट्राफिक नियमको पालना एवं सडक सुरक्षा सम्बन्धी व्यापक जन चेतनाको अविवृद्धि गर्ने नाडा अटो शोको निरन्तर प्रयास रहने छ ।

४-पाङग्रे, २-पाङग्रे र अटो कम्पोनेन्ट्सको अत्याधिक मागलाई ध्यानमा राखी, यस वर्ष तीनवटा ह्याङ्गरहरू (Dome) राखिएका छन् र ठाउँको अभावले गर्दा हेभी कमर्शियल गाडीहरू यस वर्ष प्रदर्शनका लागि राखिएका छैनन् । ६ दिन सम्म चल्ने नाडा अटो शो २०७५ मा १९ वटा ब्राण्डका ४-पाङग्रे तथा २० वटा ब्राण्डका २-पाङग्रे सवारी साधनहरू रहने छन् । यसै गरी पैठारीकर्ता, डिलर, उत्पादक तथा विक्रेता गरी यस वर्ष ७१ कम्पनीहरूको सहभागिता रहेको छ भने साना ठूला गरि १३४ वटा ब्लक तथा स्टलहरू रहने छन् । प्रदर्शनीमा प्रख्यात ब्राण्डका सवारी साधनका साथै नया प्राविधिक विकास, सवारी सुरक्षा प्रविधि, स्पेयर पार्टस्, लुब्रिकेन्टस्, टायर, ग्यारेज उपकरण, व्याट्री तथा अन्य एशोसेरिजहरू लगायत नेपालमै उत्पादित् सामग्रीहरू समेत रहने छन् ।

सर्भोद्वारा प्रायोजित नाडा अटो शो २०१८मा पाल्नुहुने अवलोकनकर्ताहरूको सुविधालाई ध्यानमा राखी प्रदर्शनी क्षेत्रमा २-पाङग्रे, ४-पाङग्रे तथा अटो कम्पोनेन्टहरू छुट्टा-छुट्टै ठाँउमा प्रदर्शनीका लागि राखिने छन् । साथै सहभागी व्यवसायीहरूले आफ्ना विभिन्न ब्राण्डका सवारी साधन, पार्टपूर्जा तथा अन्य सेवाहरू ग्राहक समक्ष प्रत्यक्ष पुऱ्याउने तथा प्रत्याशित उपभोक्ताहरूका कौतुहलतालाई सम्बोधन गर्ने प्रयास गर्ने छन् । प्रदर्शनीमा जलपानका लागि व्यवस्थित क्यफेटेरिया, मिडिया कक्ष, ट्राफिक प्रहरी कक्ष एवं ठाउँ—ठाउँमा सहयोग डेस्कको व्यवस्था गरिएको छ ।

नाडा अटो शो २०१८ एउटा किनमेलको थलो मात्र नभई सुचनाको आदान—प्रदान, बजार विश्लेषण तथा समग्र नेपाली अटोमोवाइल व्यवसायको समस्टिगत विकासलाई प्रस्तुत गर्ने विश्वस्निय मंच समेत बन्ने आयोजकहरूको विश्वास रहेको छ ।

गत वर्षहरूको उत्साहजनक सहभागितालाई दृष्टिगत गरी यस संस्करणको ६ दिने मेला अवधिमा लगभग ६०००० आगन्तुकहरूले प्रत्यक्ष अवलोकन गर्ने विश्वासका साथ सोही अनुरुप तैयारी गरिएको छ ।

धन्यवाद ।